**अनुसूची २**

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँग सम्बन्धित)

जानकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्या : ४१ प्रमाणीकरण:२०८०/१२/३०

प्रकाशन:२०८१/०२/०४

**भाग-२**

**जानकी गाउँपालिका,बाँकेको**

# वातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधिः- २०८०

**प्रस्तावनाः-** बढ्दो शहरीकरण, अव्यवस्थित बस्ती विकास तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं बातावरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु जस्तै नदि, नाला, खोला, पोखरी, तालतलैया, पार्क, औद्योगिकक्षेत्र, उद्यान एवं धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाई थप प्रभावकारी बनाई स्वच्छ, स्वस्थ, सफा, सुन्दर, सभ्य र समृद्ध गाँउको पहिचान कायम गर्न स्थानिय सरकार , अर्धसरकारी, गैर सरकारी सँस्था, निजि तथा सहकारी क्षेत्र, सामाजिक अभियान्ता, नागरिक समाज तथा आम नागरिकलाई बातावरण सरसफाईको अभियानमा स्वस्फुर्त रुपमा परिचालन गरि **वातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यक्रमलाई** थप प्रभावकारी, सस्थागत एवं दिगो बनाउन बान्छनिय भएकोले जानकी गाँउपालिकाले स्थानिय सरकार सन्चालन ऐन २०७४, र प्रशासकिय कार्यविधि (नियमित) गर्न बनेको ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि जानकी गाँउपालिकाले मिति २०८०/१२/३० गतेको बैठकबाट यस **बातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि-२०८०** स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ :-**

**क)**यस कार्यविधिको नाम **बातावरण सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि-२०८०** रहेको छ ।

**ख)** यो कार्यविधि गाँउपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

**क) "कन्टेनर "** भन्नाले फोहर मैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहर मैला थुपार्ने भाँडो वा बाल्टिन र यस्तै प्रकारको अन्य कुनै बस्तु सम्झनु पर्छ ।

**ख) "निष्कासन"** भन्नाले फोहरमैला उत्पादन स्थलबाट जानकी गाँउपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

**ग) "फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका बस्तु, सडे गलेका बस्तु र बातावरणमा ह्रास आउने गरि निष्कासन गरिएका बस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्प्लेट र जानकी गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

**घ) “फोहरमैला संकलन”** भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट हटाई संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

**ङ) “संकलन केन्द्र”** भन्नाले घर घरबाट निस्कने फोहरमैला संकलन गरि निर्धारित समय सम्म राख्न वा थुपार्न गाँउपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

**च) “विसर्जन”** भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा ब्यवस्थापन कार्य सम्झनु पर्दछ ।

**छ) “सामाजिक अभियन्ता”**भन्नाले समाज र मुलुकको विकास र सम्वृद्धिका लागि निस्वार्थ र कुनै लाभको आशा नगरी स्वतस्फुर्त रुपमा सहभागी हुने नागरिकहरुको अनौपचारिक समुह सम्झनु पर्दछ ।

**ज) “सामुदायिक संस्था”** भन्नाले नाफा आर्जन नगर्ने उद्धेश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामुलक तवर तरिकाबाट काम गर्ने युवा क्लब, टोल सुधार विकास संस्था तथा उपभोक्ता समुह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनुपर्दछ ।

**झ) “गाँउपालिका”**भन्नाले जानकी गाँउपालिका सम्झनु पर्छ ।

**ञ) “समिती ”** भन्नाले यस कार्यविधिको दफा ९(२) र ९ (३) बमोजिमको समिती सम्झनु पर्छ ।

## परिच्छेद- २

## उद्धेश्य र संचालनको रणनिती :

**३. उद्धेश्य :-** यस कार्यविधिको उद्धेश्य आफ्नो गाँउ क्षेत्र भित्रका सार्वजनिक स्थल तथा महत्वपुर्ण सम्पदा र खुला क्षेत्रको बातावरण सरसफाईलाई ब्यवस्थित बनाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र सभ्य नगरको पहिचान कायम गर्न सहयोग गर्नु हो । साथै अन्य उद्धेश्यहरु निम्न विषयमा सहयोग गर्नु रहेको छ ।

**क)** नदि, खोला , नाला, पोखरी, ताल तलैयालाई सफा राख्ने ।

**ख)** सडक, चोक, पार्क, उद्यान, चउर, खुल्ला तथा सार्वजनिक क्षेत्रको बातावरण सरसफाईको उचित प्रवन्ध गर्ने ।

**ग**) धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरलाई सफा र स्वच्छ राख्ने ।

**घ)**जैविक विविधताको सरंक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने ।

**ङ**) स्थानिय पर्यटन, आन्तरिक तथा बाह्य पर्यटन अभिवृद्धि मार्फत स्थानिय आर्थिक विकास गर्ने ।

**च)** बातावरण सरसफाई अभियानलाई आम नागरिकको जिवनको अभिन्न अंगको रुपमा विकास गर्दै यसमा नागरिक सहभागिता अभिवृद्धि गर्ने ।

**छ)** आफ्नो क्षेत्रभित्रको बातावरण सरसफाईमा स्थानिय सरकारको नेतृत्वदायि भुमिका स्थापित गर्दै यस अभियानमा स्थानिय युवा क्लब, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, सामाजिक अभियन्ता तथा आम नागरिकलाई समेत परिचालन गर्ने ।

**ज)** वातावरण सरसफाई सम्बन्धमा विगतका प्रयासहरुलाई संस्थागत गर्दै यसलाई थप प्रभावकारी र दिगो बनाउने ।

## ४.वातावरण सरसफाई सञ्चालनको रणनीती :

**१.** आफ्नो गाँउक्षेत्र भित्रको नदि, खोला, नाला, पोखरी, ताल तलैया, धार्मिक-सांस्कृतिक सम्पदा तथा सार्वजनिक स्थलको संरक्षण तथा सम्बर्द्धन स्थानिय तहको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकोले यसमा सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारी कायम गर्ने ।

**२.** वातावरण सरसफाई सम्बन्धमा आम सञ्चारका माध्यम एवं अन्य विधिद्धारा जनतामा सचेतना अभिवृद्धि गर्ने ।

**३.** निजि क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व (**ऋक्च**) अभिवृद्धि गरि वातावरण सरसफाई क्षेत्रमा निजि क्षेत्रको लगानी विस्तार गर्ने ।

**४**.वातावरण सरसफाईको क्षेत्रमा नागरिक समाज, सामाजिक संस्था र सामुदायिक संस्थाहरुसंग प्रभावकारी समन्वय र सहकार्यको विकास गर्ने ।

**५**.सामाजिक अभियन्ताहरुको विकास तथा परिचालन गर्ने आदि ।

# परिच्छेद-३

# वातावरण सरसफाई गरिने क्षेत्र तथा सञ्चालन विधी :

**५.वातावरण सरसफाई गरिने क्षेत्रहरुः-** यस वातावरण सरसफाई अभियान अन्तर्गत गाँउ क्षेत्रभित्र रहेका देहायका सार्वजनिक स्थल तथा सम्पदाहरुको सरसफाई तथा संरक्षणका कार्यहरु गरिनेछ ।

**क)**औद्योगिक क्षेत्र तथा अन्य प्राकृतिक सम्पदा वरिपरिका क्षेत्र जस्तै नदि, नाला , ताल तलैया, सार्वजनिक पोखरी, सार्वजनिक धारा , पधेरा, इनार र पानीको श्रोतहरु रहने छन्

**ख)** मठ मन्दिर, चैत्य, गुम्बा , मस्जिद, चर्च लगायतका धार्मिक सम्पदाहरु रहनेछन ।

**ग)** सांस्कृतिक केन्द्र, नाट्शाला, लिपी तथा संग्राहलय जस्ता सास्कृतिक सम्पदाहरु रहनेछन ।

**घ)**विश्व सम्पदा सुचिमा सुचिकृत धार्मिक , सांस्कृतिक, पुरातात्विक ऐतिहासिक एवं अन्य धरोहर रहनेछन ।

**ङ)** सडक, चोक, पार्क, उद्यान, चउर, सार्वजनिक शौचालय र खुल्ला क्षेत्र तथा अन्य सार्वजनिक क्षेत्र आदि ।

**६.गाँउपालिकाले आफ्नो क्षेत्रभित्र देहाय बमोजिमका अभियानहरु संञ्चालन गर्ने निर्णय गर्न सक्नेछ ।**

**क)** खुल्ला दिसामुक्त क्षेत्र ।

**ख)** पुर्ण वातावरण सरसफाई गाँउ

**ग)** वातावरण मैत्री घर, टोल, वडा र गाँउनगर

**घ)** प्लाष्टिक मुक्त क्षेत्र

**ङ)** सार्वजनिक स्थलमा मद्यपान, धुम्रपान, गट्खा, सुपारी लगायत विभिन्न नशाजन्य पदार्थको सेवन निषेध गर्ने अभियान ।

**च)** फोहरमैला गर्नेले सो को सफाई गर्ने ( **Polluters to Pay**) ।

**छ)** विभिन्न उपभोग्य बस्तुहरुको उपभोग गरि विशर्जन गरिने प्याकेजिङजन्य फोहरहरु जथाभावी फाल्नमा रोक लगाउने ।

**ज)**श्रोतमै फोहरको वर्गिकरण गरि कुहिने र नकुहिने फोहरहरु छुट्टाछुट्टै कन्टेनरमा राखी विशर्जन गर्न अनिवार्य गर्ने ।

**झ)** सार्वजनिक सडक तथा सडकको पेटिमा निर्माण सामाग्री थुपार्ने, सवारी साधन तथा मेशनरी औजार मर्मत संभार गर्ने कार्य पूर्णतः निषेध गर्ने ।

**ञ)**होर्डिङ बोर्ड, साईनबोर्ड लगायतका विज्ञापन सामाग्रीहरु निर्धारित क्षेत्रमा सिमीत गर्ने ।

**ट**) निश्चित तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा अस्पताल जन्य फोहर विर्सजन गर्न निषेध गर्ने ।

**ठ)** विषालु, सक्रामक, प्रज्वलनशिल एंव स्वास्थ्य संस्था उद्योग तथा कलकारखानाबाट निश्कासन हुने फोहर, किट्नाशक औषधी, समय नाघिसकेको खाद्य पदार्थ लगायतका विशेष र जाखिमयुक्त फोहरहरुलाई साधारण फोहरमैला सँग मिसाई निष्कासन गर्न गराउन नपाइने ।

**ड)** जोखिमयुक्त फोहरको निष्काशन, संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विशर्जन र ओसारपसार गर्ने ब्यक्ति, निकाय र निकासीकर्ताले मानब स्वास्थ्य र वातावरणमा प्रतिकुल असर नपर्ने गरि आफ्नै खर्चमा बातावरणमैत्री तरिकाले जोखिमयुक्त फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने, सरसफाई कार्यक्रम संञ्चालन गर्दा देहायका कार्यहरु गरिनेछ ।

**१.**गाँउ क्षेत्रभित्रका सरकारी, गैरसरकारी/निजि क्षेत्रका कार्यालय, संघ-संस्था र अन्य निकायले प्रत्येक महिनाको १ (एक दिन) जस्तै पहिलो शुक्रबार दिउसो १ वजे देखि ३ वजे सम्म आ-आफ्नो कम्पाउण्ड परिसर सरसफाई गरि सरसफाई अभियानलाई ब्यापक प्रभावकारी बनाउने ।

**२.**गाँउ क्षेत्र भित्रका सवै शैक्षिक संस्थाहरुमा प्रत्येक महिनाको दोश्रो र चौथो शुक्रबार ११ वजे देखि १ वजे सम्म वा शैक्षिक सस्था बन्द हुनु भन्दा १ घण्टा अगाडिको समय देखि वा अन्य उपयुक्त समयमा शैक्षिक संस्थाको वरपरको आफ्नो पायक पर्ने उद्यान, पोखरी, पार्क, ताल तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाइ कार्यक्रमहरु संञ्चालन गरि ब्यापक प्रभावकारी बनाउने ।

**३.**गाँउ क्षेत्रभित्र रहेका सरकारी कार्यालय, निजि क्षेत्र तथा शैक्षिक संघसंस्थाले आ-आफ्नो क्षेत्रबाट विभिन्न अतिरिक्त क्रियाकलापहरुबाट जस्तै हाजिरीजवाफ प्रतियोगिता , फुल तथा गमला र बोटविरुवा तथा  बृक्षारोपणको माध्यमबाट बातावरणीय संरक्षण तथा सरसफाई अभियान संचालन गर्ने ।

**४.**गाँउ क्षेत्रभित्र रहेका सरकारी कार्यालय, निजि क्षेत्र तथा शैक्षिक संघसंस्थाले आ-आफ्नो क्षेत्रबाट आफ्नो पर्खाल लगायत कार्यालय परिसरमा फोहरमैला, धुलो धुवा, विग्रेका औजार तथा गाडिहरु, कागजका टुक्राहरु, चुरोट, खैनी, जर्दा जस्ता सुर्तिजन्य पदार्थको प्रयोग , भित्तेलेखन, पोष्टर पम्प्लेट

टास्ने लयायतको कार्यलाई निषेध गरि स्वच्छ, स्वस्थ, सफा र हराभरा क्षेत्र घोषणा गरि नियमित सरसफाई गर्ने ।

**५.**गाँउ क्षेत्रभित्रका सवै कार्यालय, संघ सस्था र निजी क्षेत्रका निकायले मापदण्ड विपरितका प्लाष्टिकका झोला, शिसा वा फलाम जस्ता फोहरमैला वा वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोगलाई नियन्त्रण गरि स्थानिय श्रोतमा आधारित जैविक तथा वातावरणमैत्री विकल्पलाई प्रवर्द्धन गर्ने।

**६.**गाँउपालिकाले प्रत्येक महिनाको अन्तिम शनिबार विहान पख स्थानिय बासिन्दा, समुदाय, टोल विकास संस्था, गैर सरकारी संस्था, सामुदायिक एवं निजि क्षेत्रका श्रमिकहरु लगायत ब्यावसायिक संगठन र नागरिक समाजको नेतृत्वमा आ-आफ्नो क्षेत्रको पायक पर्ने खानेपानीको मुहान, सार्वजनिक धारा, ताल तलैया, पोखरी, नदि, खोला,धार्मिक एवं पर्यटकिय स्थल, प्राकृतिक सम्पदा क्षेत्र, सडक, पार्क, उद्यान र खुला क्षेत्र आदिको सरसफाई गर्ने ब्यवस्था मिलाउने ।

**७.**दुई वा दुई भन्दा बढि स्थानिय तहहरुले सयुंक्त रुपमा सरसफाई अभियान संचालन गर्न चाहेमा सम्बन्धित स्थानिय तहका प्रमूखहरुले यस कार्यको संयोजन गरि सरसफाई गरिने वडाका पदाधिकारीहरुलाई संलग्न गराई गुरु कार्ययोजना बनाई संञ्चालन गर्ने ब्यवस्था मिलाउने ।

**८**.आफ्नो घर अगाडिको र वरिपरीको सरसफाई गर्ने दायित्व सम्बन्धित घरधनिको समेत हुनेछ । आफ्नो घर वरिपरीको सरसफाई नगर्ने वा बारम्बार फोहर गरिरहने संस्था वा ब्यक्तिलाई समितीले यस विषयमा ध्यानाकर्षण गराउनुको साथै जरिवाना समेत तोक्न सक्नेछ । यसरी ध्यानाकर्षण गराउँदा समेत अटेर गरेमा समितीले त्यस्ता घर धनि ब्यक्तिलाई वा संस्थाहरुको नामावली कालो सुचिमा राखि आवश्यक कार्वाही गर्न स्थानिय तह र बातावरण संरक्षण ऐन २०७६ अन्तर्गत सिफारिस गर्नेछ ।

**९**.स्थानिय तहहरुले वातावरण सरसफाईलाई वृहत अभियानको रुपमा संञ्चालन गर्न नविनतम एवं आधुनिक प्रविधी र सोच सहीतको प्रस्ताव पेश गर्न यस क्षेत्रमा रहेका युवा क्लब, निजि संस्था वा टोल सुधार संस्थाहरुबाट वातावरण सरसफाई अभियानलाई ब्यवस्थित गर्ने ब्यवस्था मिलाउने ।

**१०**.सार्वजनिक मठ मन्दिर, पाटीपौवा, नदि, नाला, जस्ता स्थल सफा गर्ने क्षेत्र निर्धारण गरि सो स्थलमा वरीपरि बस्ने वा यस्ता स्थलसँग सम्बन्धित ब्यक्तिलाई केहि रकम (टोकन मनि) दिएर सरसफाई गर्न लगाउने ब्यवस्था मिलाउने ।

**११.**सार्वजनिक मन्दिर, पाटीपौवा, नदि, नाला जस्ता सार्वजनिक स्थलहरुको ब्यवस्थापन समिती गठन भएको भए ब्यवस्थापन समितीलाई सरसफाई कार्यमा विशेष ध्यान पुराउन पत्राचार गर्ने ।

**१२.**स्थानिय तह भित्रका सार्वजनिक मन्दिर, पाटीपौवा, नदि, नाला, औद्योगिक क्षेत्रहरु जस्ता स्थलहरु सवै भन्दा बढि सफा गर्ने जिम्मेवार ब्यक्ति, संस्था वा ब्यवस्थापन समितीलाई यस कार्यविधिमा गठित गाँउ स्तरिय समितिको सिफारिसमा सम्बन्धित स्थानिय तहले प्रशंसा पत्र वा कदर पत्र प्रदान गरी सरसफाई कार्यलाई प्रोत्साहन गर्ने ब्यवस्था मिलाउने ।

## १३)सेफ्टी ट्याङ्की, पानी निकास तथा फोहरको पृथकीकरण सम्बन्धि ब्यवस्था :-

**क)सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्छ :-** स्थानिय तह क्षेत्रभित्रका सवै प्रकारका भवनहरुमा सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्ने ब्यवस्था स्थानिय तहले गर्नुपर्नेछ । प्रत्येक घर घरबाट उत्सर्जन हुने दिशा, पिसावयुक्त

फोहर जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ । नँया भवन बनाउदा, तला थप गर्दा, निर्माण सम्पन्नताको प्रमाणपत्र लिदाँ वा अन्य सेवा प्राप्त गर्न सेफ्टी ट्याङ्की निर्माण तथा प्रयोग भैरहेको छ भन्ने सुनिश्चिता हुने व्यवस्था गर्ने ।

**ख) पानीको शुद्धिकरण गरेर मात्र निकास गर्नुपर्ने :-** शौचालय बाहेक अन्य घरायसी प्रयोगहरु लुगा धुने, खाद्यसामाग्री सफा गर्ने, भान्छा तथा अन्य कोठाहरु सफा गर्ने समेतका कार्यहरुबाट निश्कासित हुने पानीलाई आफ्नो घर कम्पाउण्ड भित्र पगांल बनाई शुद्धिकरण गरेर मात्र सार्वजनिक निकासमा समाहित गर्ने व्यवस्था मिलाउने ।

**ग) फोहरको पृथकीकरण गर्नुपर्ने :-** स्थानिय तहले आ-आफ्नो क्षेत्रभित्र उत्पादन हुने फाहरलाई जैविक र अजैविक गरि कम्तिमा २ वर्गमा पृथकीकरण गर्नु पर्ने प्रत्येक फोहर उत्पादकको कर्तब्य हुनेछ । फोहरको प्रकृतिको आधारमा सो भन्दा बढि वा विशिष्टीकृत ढंगले पृथकीकरण गर्न आवश्यक देखिएमा सो को विधि र प्रक्रिया तोकी पृथकीकरण गर्न समितीको परामर्श समेतको आधारमा सम्बन्धित स्थानिय तहले निर्देशन दिने व्यवस्था मिलाउने ।

**१४.**घरको छतको पाइपबाट घरअगाडी रहेको सडकमा पानी खसाली बाटा फोहर पार्ने कार्यलाई दुरुत्साहन गर्न यस्तो पानी पंगालमा खसाउने प्रवन्ध मिलाउने ।

**१५.**जैविक फोहरलाई मलको रुपमा उर्जामा रुपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न यस सम्बन्धि ठोस निती तथा योजना तर्जमा गरि लागु गर्ने व्यवस्था मिलाउने । जैविक फोहरलाई उर्जामा रुपान्तरण गर्ने नविनतम सोचलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**१६.** आकाशबाट खसेको पानीलाई संकलन गरि प्रयोग गर्ने, जैविक फोहरलाई मल बनाई भवनको छत, बरण्डा, भुई वा भवन परिसरको उपयुक्त स्थानमा गमला वा कुनै भाडोमा तरकारी खेती , फलफुल खेति वा हरियाली क्षेत्र बनाउने कोशे खेति लगायतका प्रविधीहरुलाई प्राथमिकता दिने व्यवस्था मिलाउने ।

## परिच्छेद-४

## सरोकारवाला निकाय र भुमिका

**७. सरोकारवाला निकायहरु :-**वातावरण सरसफाई तथाफोहरमैला व्यवस्थापन कार्य एक वृहत अभियान भएको हुँदा यसमा स्थानिय सरकार देखि आम नागरिकको प्रत्यक्ष सक्रिय सहभागिता, क्रियाशिलता र निरन्तरता आवश्यक देखिन्छ । विगतको अनुभव र स्थानिय बस्तु स्थितिलाई मध्येनजर गर्दा आफ्नो नगरक्षेत्र भित्रको वातावरण सरसफाई अभियानमा स्थानिय तहले समग्र नेतृत्व लिई यस कार्यमा सवै सरकारी कार्यालयहरु, सुरक्षा निकाय, शैक्षिक सस्था, युवा क्लब, गैर सरकारी संस्था, टोल विकास संस्था, आम संञ्चार, सामुदायिक सस्था, व्यवसायिक संस्था, आमा समुह , नागरिक अगुवा, सामाजिक अभियन्ता, सहकारी सस्था लगायत जागरुक नागरिक समाजको व्यक्तित्व जस्ता सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्नुपर्दछ ।

**८. वातावरण सरसफाईमा संलग्न हुने निकायहरुको प्रमूख भूमिका :-**

**१**. वातावरण सरसफाई कार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा पक्षहरुको तुलनात्मक प्रतिसप्रधा एंव विशिष्टतालाई मध्येनजर गर्दै सरसफाईका कार्यक्रममा सवै पक्षहरुको सहकार्य र समन्वयमा संचालन गर्नूपर्नेछ ।

**२**. स्थानिय वातावरण सरसफाई अभियानमा संलग्न हुने निकायहरुको प्रमूख जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

**क) गाँउपालिकाको भूमिका :-**वातावरण सरसफाई अभियानको समग्र नेतृत्व तथा संयोजन, सरसफाई सम्बन्धि निती तर्जुमा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी, सार्वजनिक सम्पत्ति तथा स्थलहरुको संरक्षण, फोहरमैला व्यवस्थापन, खुल्ला दिशामुक्त तथा पुर्ण सरसफाईयुक्त नगरको घोषणा र दिगोविकास, दिगोपना, सडक छेउछाउमा हरियाली प्रवर्द्धन, एक वडा एक टोलको निति अवलम्बन गर्दै सार्वजनिक उद्यानको विकास, सरसफाई सम्बन्धि सचेतना अभिवृद्धि आदि ।

**ख) सरकारी कार्यालयहरुको भूमिकाः-**स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धि कार्यक्रम संञ्चालन, कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण र समुदाय परिचालन आदि ।

**ग) सुरक्षा निकायको भुमिका :-** कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई सम्बन्धमा समुदायसँग समन्वय आदि ।

**घ) निजि ब्यवसायिक सघंसंस्थाको भुमिका :-**आफ्नो कार्यालय परिसर सरसफाई राख्ने , कार्यालयहरुमा बगैंचा तथा हरियाली सौन्दर्यकरण गर्ने , सस्थागत सामाजिक उत्तरदायित्व (ऋक्च) अन्तर्गत सरसफाई क्षेत्रमा लगानी, सरसफाई अभियानमा सहकार्य आदि ।

**ङ) गैरसरकारी संघ संस्थाको भुमिका :-**समुदाय परिचालन, सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन, सरसफाईको क्षेत्रमा लगानी, कार्यालय परिसर सरसफाई, कार्यालयहरुमा बगैंचा तथा हरियाली सौन्दर्यकरण, सरसफाई अभियानमा सहकार्य आदि ।

**च) सामुदायिक संस्था**ः- सामुदायिक परिचालन, सचेतना अभिवद्धि, सञ्जाल विस्तार, सरसफाई अभियानमा सहकार्य आदि ।

**छ) नागरिक समाजः-** सामाजिक परिचालन, सचेतना अभिवृद्धि, एक्येवद्धता विकास, निगरानी, सरसफाई अभियानमा सहकार्य आदि ।

**ज) सञ्चार माध्यम :-**समुदाय स्तरमा सुचना संप्रेषण, सचेतना अभिवृद्धि, निगरानी, सरसफाई अभियानमा सहकार्य आदि ।

**झ)शैक्षिक संस्था :-** सामाजिक स्तरमा सचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने, समाजमा सरसफाईको संस्कारको विकास, शैक्षिक संस्था परिसर सरसफाई, बगैंचा तथा हरियाली सौन्दर्यकरण, सरसफाई अभियानमा सहकार्य आदि ।

**ञ) सचेत नागरिक** :- सरसफाईको सस्कारको विकास र पालना, सरसफाई अभियानमा स्वस्फुर्त परिचालन र ऐक्युवद्धता, आफ्नो घरको हरियाली तथा सौन्दर्यकरण, घरभित्रबाट निस्कने फोहरको बर्गिकरण तथा कुहिने फोहरको श्रोतमा न्यूनिकरण आदि ।

# परिच्छेद-५

# सँस्थागत प्रवन्ध एवं काम, कर्तब्य र अधिकार

**९. सस्थागत प्रवन्ध एवं काम, कर्तव्य र अधिकार :-**

**१)** गाँउ क्षेत्रभित्र सरसफाई कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरि सरसफाई अभियानलाई दिगो र संस्थागत गर्नका लागि गाँउ स्तरमा एवं वडा स्तरिय सरसफाई ु समिती गठन गरिनेछ ।

**२) गाँउस्तरिय सरसफाई अभियान समितीको गठन र काम कर्तब्य एवं अधिकार निम्नानुसार हुनेछ ।**

**क) समितीको गठन :-**

**१.** गाउपालिकाको वातावरण सरसफाई तथा विपत ब्यवस्थापन समितीको संयोजक - संयोजक

**२.**प्रमूख प्रशासकिय अधिकृत, गाँउपालिका - सदस्य

**३.**बातावरण तथा विपत ब्यवस्थापननिरिक्षक (अधिकृत) - सदस्य

**४.**सामाजिक विकास समिती,(संयोजक, (गाँउसभा) - सदस्य

५. सुरक्षा निकाय प्रमूख, (गाँउपालिका भित्र पर्ने ईलाका प्रहरी) - सदस्य

**६.** स्थानिय उद्योग बाणिज्य संघ, सभापति - सदस्य

**७.** स्थानिय गै.स.स.महासंघ (अध्यक्ष) - सदस्य

**८.**स्थानिय पत्रकार महासंघ (सभापति) - सदस्य

**९.**रेडक्रस ईकाइ कार्यालय, प्रमूख - सदस्य

**१०.**सरसफाई क्षेत्रमा कार्यरत संस्थाको प्रमूख - सदस्य

**११.**सरसफाईको क्षेत्रमा उल्लेखनिय योगदान पुराएको मध्ये ( १ जना सामाजिक अभियन्ता ) - सदस्य

**१२.** नागरिक समाजको तर्फबाट १ जना समाजसेवी - सदस्य

**१३.** गा.पा.कोबातावरण तथा विपत ब्यवस्थापनशाखा प्रमूख - सदस्य सचिव

**नोट :-** यस समितीले आवश्यक ठहराएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधीलाई समितीको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**ख) यस समितीको प्रमूख काम कर्तव्य र अधिकार :-**

१. गाँउस्तरिय सरसफाई निति तर्जूमा गर्ने ।

२. सरसफाई कार्यक्रम संचालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धि योजना तयार गर्ने ।

३. सरसफाईका अभियानहरु सञ्चालन तथा अन्तर निकायहरुसगँ समन्वय गर्ने ।

४. विभिन्न संघ-संस्था तथा निकायद्धारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने ।

५. वडास्तरिय सरसफाई समितीको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने ।

६.गाँउस्तरिय सरसफाईको कार्यक्रम र समग्र स्थितिको अनुगमन गरि बार्षिक प्रतिवेदन गाँउसभामा पेश गर्ने आदि ।

**३. वडा स्तरिय सरसफाई अभियान समितीको गठन :-**

**क) समितीको गठन :-**

**१.**वडा अध्यक्ष - संयोजक

**२.**वडा सदस्यहरु - सदस्य

**३**. वडा सचिव - सदस्य

**४.**श्रोत ब्यक्ति - सदस्य

**५.** प्रमूख, सुरक्षा निकाय (गा.पा.भित्र पर्ने ई.प्र.का.) - सदस्य

**६**.संञ्चारकर्मी - सदस्य

**७**.सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाको प्रतिनिधि २ - सदस्य

**८**.सरसफाईको क्षेत्रमा उल्लेखनिय योगदान पुराएको समितीले तोकेको कुनै १ जना सामाजिक अभियन्ता - सदस्य

**९.** वडाको स्वास्थ्य संस्थाको प्रमूख - सदस्य सचिब

**नोट :-** यस समितीले आवश्यक ठहराएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधीलाई समितीको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

**ख.समितीको प्रमूख काम कर्तब्य र अधिकार :-**

**१.**वडास्तरिय सरसफाई निती र योजना तर्जुमा गर्ने ।

२. सरसफाईका अभियानहरु संञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने ।

३. विभिन्न संघ-संस्था तथा निकायहरुद्धारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने ।

४. वडा स्तरिय सरसफाईको कार्यक्रमको अनुगमन गरि वडामा सो सम्बन्धमा छलफल गर्ने आदि ।

# परिच्छेद-६
# श्रोत परिचालन तथा खर्च रवजेट

**१०.फोहरमैला व्यवस्थापन शुल्क तथा श्रोत परिचालन :**

जानकी गाँउपालिकाले गाँउक्षेत्र भित्र उत्पादन भएको फोहर व्यवस्थापन गरे बापत कार्यपालिकाको बैठकबाट वा गाँउसभाबाट तोकिए बमोजिम वा वातावरण सम्बन्धि काम गर्ने निकाय संस्थाले निर्णय गरे बमोजिम शुल्क उठाउने छ ।

**१.** यस क्षेत्रमा हुने फोहरमैला व्यवस्थापनको शुल्क निर्धारण गर्दा फोहरमैलाको तौल, फोहरबाट मानब स्वास्थ्य तथा वातावरणमा पर्ने सक्ने असर, फोहरमैलाको ढुवानी र तोकिए बमोजिम अन्य मापदण्डका आधारमा गरिनेछ ।

**२.** गाँउपालिकाले आफुलाई प्राप्त समानीकरण अनुदान, राजश्य बाँडफाट तथा आफ्नो आन्तरिक आयबाट सरसफाईको क्षेत्रमा न्यायोचित रुपले बजेट विनियोजन गर्नुपर्नेछ ।

**३.**गाँउपालिकाले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरि एकिकृत रुपमा श्रोत परिचालन गर्न सक्नेछ ।

**४.**स्थानिय तहमा गरिने सरसफाईका कार्यक्रमलाई मितब्ययी प्रभावकारी एवं एकिकृत ढंगमा सञ्चालन गर्नका लागि यस क्षेत्रमा कार्य गर्ने संघ-सस्थाहरुको कार्यक्रम स्थानिय तहको वार्षिक योजना प्रणालीमा समावेश गरिनेछ । यस्ता एकिकृत कार्यक्रमहरुको नेतृत्व स्थानिय तहले गर्नेछ । यस प्रयोजनका लागि स्थानिय तहले आफ्नो क्षेत्रभित्र रहेका सरसफाई सम्बन्धि काम गर्ने निजी, सहकारी सवै संस्थाहरु र तिनिहरुको क्रियाकलापको अभिलेख राख्नुपर्नेछ ।

**५**.सरसफाईको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक साझेदारीको निती अवलम्बन गरिनेछ ।

## ११. खर्च तथा वजेट :-

**१.**गाँउपालिकाले सरसफाई कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखाकंन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परिक्षण गराउनुपर्नेछ ।

**२**.यस क्षेत्रमा खर्च गर्दा खर्चमा दोहोरोपना नपर्ने गरि अन्य निकायहरुसगँ समेत समन्वय गरि प्राप्त श्रोतको मितब्ययी रुपमा परिचालन गर्नुपर्नेछ ।

**३**. गाँउपालिकाले सरसफाईको क्षेत्रमा भएको खर्चको नियमित रुपमा प्रतिवेदन तयार गरि गाँउसभा लगायत सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

# परिच्छेद-७

# कसुर उपर दण्ड सजाय

**१२.कसुर उपर दण्ड सजाय :-** यस कार्यविधिमा उल्लेखित विषय विपरित कार्य गरेमा वा अन्य प्रचलित कानूनमा लेखिएका वातावरण संरक्षण ऐन २०७६ सम्बन्धि र फोहरमैला ब्यवस्थापन ऐन २०६८ विपरित कार्य गरेमा प्रचलित कानून वा स्थानिय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

क) कसुर गर्ने ब्यक्तिलाई गाँउपालिकाले पहिलो पटक भए पाँच हजार रुपैया सम्म जरिवाना, दोश्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैया देखि दश हजार रुपैया सम्म जरिवाना र सोही कसुर तेश्रो पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाको दरले जरिवाना गरि फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

ख) तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने ब्यक्ति वा सरोकारवाला निकायलाई जानकी गाउपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाका अतिरिक्त विद्युत तथा टेलिफोन र ईन्टरनेट सेवा रोक्का गरिदिन तथा निजका नामका घर जग्गा विक्री रोक्का गर्नका लागि गाँउपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित ब्यक्ति वा सरोकारवाला निकायलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनुपर्नेछ । उक्त ब्यहोरा लेखि पठाएमा सेवा सुविधा रोक्का गर्न सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

# परिच्छेद-८

# विविध

**१३.सम्झौताको नमूना पत्र :** यस वातावरण सरसफाई तथा फोहरमैला ब्यवस्थापन कार्यविधि-२०८० मा उल्लेखित सम्झौताको नमूना पत्रको ढाचाँ अनूसुची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१४.फोहरमैलाको बर्गिकरण नमूना :** यस कार्यविधिमा उल्लेखित भएको फोहरमैलाको बर्गिकरण नमूनाको ढाँचा अनूसुची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**.१५कार्यविधिको ब्याख्या :-** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम ब्याख्या गाँउ कार्यपालिकाले गर्नेछ ।

**१६.कार्यविधि शंसोधन :**यस कार्यविधिको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक शंसोधन गर्न सक्नेछ ।

**१७. बाधा अड्चन फुकाऊ :-** स्थानिय सरकार सञ्चालन ऐन २०७४ र यस कार्यविधिमा ब्यवस्था भए बाहेकका विषयमा नितिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ । सो निर्णय गाँउ सभाबाट पारित गरिनेछ ।

# अनुसूचि :-१
# सम्झौताको नमूना पत्र :

**जानकी गाँउपालिका** (यस पछि प्रथम पक्ष भनिने) र ..............................**क्लब/संस्था** विचमा - यस पछि दोश्रो पक्ष भनिने) जानकी गाँउपालिकाको वार्ड नं. **१ देखि वार्ड नं ६ सम्म**को स्थानमा उत्पादन हुने फोहरमैलाको व्यवस्थापन देहायको शर्तहरुको अधिनमा रही गर्ने/गराउने गरि यो सम्झौता गरिएको छ ।**प्रथम पक्षले पालन गर्ने शर्तहरु**

क) जानकी गाँउपालिका - (प्रथम पक्ष) बातावरण सरसफाई तथा फोहरमैला ब्यवस्थापनको लागि स्थान निर्धारण गरिदिने जिम्मेवारी प्रथम पक्षको हुनेछ ।

**ख)** तोकिएको क्षेत्रबाट फोहरमैला ब्यवस्थापनकार्यका लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराउने जिम्मेवारी प्रथम पक्षको हुनेछ ।

## दोश्रो पक्षले पालन गर्ने शर्तहरु

**ग)**......................स्थान देखि....................स्थान सम्मको क्षेत्रमा उत्पादन हुने फोहरमैलाको गाँउपालिकाले तोके बमोजिम अलग अलग रुपमा छुट्टाई त्यसको घर घरमा ब्यवस्थित रुपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

**घ)**घर घरमा ब्यवस्थित रुपमा जम्मा भएको फोहरमैला, फोहरमैला ब्यवस्थापन केन्द्र सम्म लैजानका लागि गाँउपालिकाद्धारा ब्यवस्थापन भएको साधन/गाडिमा राखि सम्बन्धित स्थानमा लैजाने कार्यमा सहयोग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

**ङ)** जानकी गाँउसभाबाट निर्णय भए अनुसारको फोहरमैला ब्यवस्थापन शुल्क उठाउने दायित्व दोश्रो पक्षको हुनेछ । यसरी उठाएको शुल्क मध्ये ..................प्रतिशत रकम सम्बन्धित क्षेत्रको स्थानमा फोहरमैला ब्यवस्थापन गर्ने कार्यमा खर्च गरि बाँकी रकम सँस्थाले आफ्नो खातामा दाखिला गर्नेछ ।

**च)** शर्त नं. **ङ** अनुसारको .................प्रतिशत रकम खाता खोलि बैंकमा जम्मा गर्ने र बैंकमा जम्मा भएको संस्थाको पदाधिकारीहरुको संयूक्त हस्ताक्षरबाट खर्च गर्ने ब्यवस्था मिलाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

**छ)** फोहरमैला ब्यवस्थापनका लागि गाँउपालिकाले उपलब्ध गराएका सामाग्रीको संरक्षण गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

**ज)**सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानून अनुसार हुनेछ ।

**सस्थाको तर्फबाट** :

**नाम :**.........................

**पद :**..........................

**सम्पर्क नं....................**

**गाँउपालिकाको तर्फबाट** :

**नाम :**...........................

**पद :**............................

**सम्पर्क नं**............................

# अनूसुची :२

## फोहरमैलाको वर्गिकरण नमुना :

| साधारण फोहरमैला | | | हानिकारक फोहरमैला | |
|---|---|---|---|---|
| **जैविक** | **अजैविक** | **अन्य** | **स्वास्थ्य संस्था जन्य** | **औद्योगिक** |
| भान्साको फोहर | प्लाष्टिक समान | निर्माण सामाग्रीहरु | म्याद नाघेका औषधि | केमिकल |
| बचेको खाना | कार्डवोर्ड पेपर | पशपन्छिको फोहर | सिरिन्ज निडल | विषालु ग्यास |
| कागज | प्याकेजिङ्ग पेपर | | धारिला हातहतियार | खरानी |
| तरकारीको बोक्राहरु | सिसा मेटल | मान्छेको कपाल | पन्जा माक्स | हेभिमेटल मर्करी |
| धुलो कसिंगर | जुत्ता, चप्पल | | काटिएका शरिरको अंग | रंग केमिकल |
| पात पतिंगर झारपात | पुरानो कपडा | | फोहर रगत | फर्टिलाईजर |

आज्ञाले,
दिल बहादुर पौडेल
प्रमूख प्रशासकिय अधिकृत
जानकी गाँउपालिका,बाँके